# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्या :

चलानी नं. :

मिति: २०८३/०५/०३

**निजी जग्गाबाट खानीजन्य पदार्थ ढुङ्गाको बिक्रीका लागि वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्वन्धी सूचना ।**

निजी जग्गाबाट खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र माटो) उत्खनन् गरी व्यवसायिक रुपमा बिक्री गर्ने सम्वन्धमा ईच्छुक जग्गाधनीहरुले आफ्नो स्वामित्वमा भएको ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ र बागमती प्रदेश आर्थिक ऐन, २०८३ तथा वातावरण संरक्षण ऐन, २०७६ र नियमावली बमोजिम उद्योग दर्ता तथा अनुमतिका लागि निम्न प्रक्रिया अपनाई देहाय बमोजिमको कागज प्रमाणसहित यथासिघ्र वातावरण अध्ययन प्रतिवेदन पेश गर्नुहुन नगर कार्यपालिकाको मिति २०८३/०४/२९ गतेको निर्णयानुसार यो सूचना आव्हान गरिएको छ ।

१. भूक्षय-पहिरोको जोखिम नहुने गरी, प्राकृतिक स्रोत र सार्वजनिक/सरकारी/निजी/साँस्कृतिक संरचनालाई असर नपर्ने गरी वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम आवश्यक पर्ने वातावारणीय अध्ययन प्रतिवेदन जग्गाधनी/व्यवसायी आफैले तयार गराई पेश गर्ने ।

२. बागमती प्रदेश आर्थिक ऐन, २०८३ को अनुसूची-५, सि.नं. (ग) बमोजिम दैनिक ५० घ.मी. सम्म उत्खनन् गर्दा संक्षिप्त वातावारणीय अध्ययन ५० घ.मी. भन्दा बढी - ५०० घ.मी. सम्म प्रारम्भिक वातावरणीय अध्ययन (IEE) र सो भन्दा बढी उत्खनन् गर्दा वातावरणीय प्रभाव मूल्यांकन (EIA) निवेदन साथ गराई सोको दुई प्रति प्रतिवेदन पेश गर्ने ।

३. खानी उद्योग दर्ता गरी सन्चालन गर्ने ठाउँमा कम्तीमा २० (बीस) रोपनी वा सो बराबर क्षेत्रफल भएको निजी वा खरिद गरिएको कम्तीमा ५ वर्ष अवधि भएको वा लिजमा लिएको जग्गा आवश्यक पर्ने । खरिद गरेको एकाघरको जग्गाको हकमा स्वामित्ववालाको मन्जुरीनामा पेश गर्ने । लिजमा लिएको जग्गाको हकमा लिज सम्झौताको प्रमाणित प्रतिलिपि पेश गर्ने ।

४. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने सिलसिलामा अनिवार्य रुपमा उद्योग सन्चालन गर्ने स्थानका सधियार/सरोकारवाला व्यक्ति/संस्था/सरकारी निकाय/लक्षित वर्ग/नागरिक समाज/पत्रकार सम्वन्धित वडा तथा पालिकाका जनप्रतिनिधि, विषय विज्ञ/प्राविधिक कर्मचारीको रोहवरमा सार्वजनिक सुनुवाई (public Hearing) गर्ने ।

५. खानी सन्चालन हुने क्षेत्रको जग्गाको सधियारहरुको वडाको रोहवरमा लिखित सहमति लिई प्रमाणित गराई पेश गर्ने ।

६. लिज वा निजी स्वामित्वको जग्गा कुनै निकाय वा अड्डा अदालत वा बैंक/वित्तीय संस्थाबाट कुनै व्यहोराले रोक्का भएको भए सम्वन्धित निकायबाट फुकुवा पत्र वा लिखित सहमति लिनुपर्ने ।

७. सम्वन्धित जग्गाधनी वा व्यवसायी बैंक/ वित्तीय संस्था तथा अन्य निकायबाट कालोसूचीमा नपरेको, निजको नाममा सरकारी बाँकी असुलमा नरहेको, प्रचलित कानूनले खानीजन्य उद्योग सन्चालन गर्न निषेध नगरेको स्वघोषणा पत्र पेश गर्ने

८. व्यवसायी वा जग्गाधनीले उद्योगमा हुने लगानी र प्रतिफलको विश्लेषण जनशक्ति, मेशिनरी औजार, परिमाण, साझेदार सहितको व्यवसायिक कार्ययोजना बनाई पेश गर्ने ।

९. नागरिकता, जग्गाधनी प्रमाण पुर्जा, तिरो रसिद, फोटो, वडा सिफारिस, उद्योग रहने स्थानको बाटो र नक्सांकन, साझेदारको कबुलियतनामाको प्रमाणित प्रतिलिपि पेश गर्ने ।

थप जानकारीका लागि -यस नगरपालिकाको आर्थिक विकास शाखाको मोबाईल नं. ९८५४०४५८३३ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

२/५/३

प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत




इमेल : info@bhimeshwormun.gov.np, वेबसाइट: www.bhimeshwormun.gov.np, फोन नं. ०४९-४२१[illegible], ४२१४९१